**प्राज्ञिक विमर्श**, **वर्ष** ६, **अङ्क**, १२, २०८१ **असोज**, ISSN 2676–1297

# माइतघर उपन्यासमा अनुभूतिको संरचना

❋दीपक थापा
prime.pathshala1@gmail.com

*अध्ययनसार*

*प्रस्तुत लेख उपन्यासकार लैनसिंह बाङ्देलद्वारा लिखित माइतघर उपन्यासमा अनुभूतिको संरचनाको विवेचनामा केन्द्रित छ। अनुभूतिको संरचना रेमन्ड विलियम्सले समाजमा प्रायः पहिलो पिँढी शासक तुल्य वा प्रभुत्वशाली रहने, उक्त पिँढीको विरोधमा दोस्रो अधीनस्थ पिँढी जन्म हुन्छ। यस क्रममा दबाब र तनाब सिर्जना हुन्छ। त्यसको समाधान स्वरूप तेस्रो पिँढी वा समुदायले वैकल्पिक बाटो लिन्छ र अनुभूतिको संरचनाले जन्म लिन्छ भन्ने उनको मान्यता छ। यसै मान्यता अनुसार बाङ्देलको माइतघर उपन्यासमा पितृसत्तात्मक धार्मिक अन्धविश्वासमा चल्ने परम्परागत नेपाली सामाजिक संरचनामा मूलधारको पिँढीगत चरित्रमाथि प्रकाश पार्दै वैकल्पिक अधीनस्थ पिँढीको स्थिति र प्रभुत्वशाली पिँढीको विरोधको प्रतिकार चेतनालाई लेखको मूल विषय बनाइएको छ। मूलतः पितृसत्ताका प्रभुत्वशाली नायक हरि सामाजिक परिवेशले कमजोर भएकी नारी पात्र सानीको प्रतिरोध र त्यसबाट सिर्जित दबाब र तनाबका अनुभूतिजन्य अवस्था प्रस्तुत भएको छ।*

**मुख्य शब्दावली** : अनुभूति, प्रभुत्व, अधीनस्थ, उदीयमान, पिँढी ।

## विषयपरिचय

लैनसिंह बाङ्देलले *मुलुकबाहिर* (२००४) र *माइतघर* (२००६) सालमा प्रकाशबाट नेपाली उपन्यासमा सामाजिक यथार्थवादी उपन्यास लेखनको सुरुभएको मानिन्छ। उनको *लङ्गडाको साथी* (२००८) अतियथार्थवादी सामाजिक उपन्यास हो भने *रेम्ब्रान्ट* (२०२३) हल्याण्डका कलाकारको जीवनीमा आधारित जीवनीपरक उपन्यास हो। उनका उपन्यासहरूलाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गर्ने सकिन्छ। *माइतघर* उपन्यासमा नेपाली सामाजिक पितृसत्तात्मक हिन्दुधर्म सम्बद्ध प्रभावशाली सनातन व्यवस्थामा केन्द्रीय सत्ताको रूपमा पुरुषसत्ताको हालिमुहाली, लैङ्गिक भेदभावयुक्त, विभेदजनय व्यवहार त्यसबाट प्रताडित उपन्यासको प्रमुख पात्र सानी अनेकौं दबाब र तनाबमा बाचेकी छिन्। नेपालबाहिर भारतको राजबाडी गाउँ बसे पनि सानीका परिवार र अन्य नेपालीहरूले नेपाली संस्कार र परम्परा छोडेका छैनन्। परम्परागत नेपाली सामाजिक रीति, परम्परागत चालचलन, जाति व्यवस्थाबाट चल्ने प्रभुत्वशाली पहिलो पिँढी देखिन्छ। पहिलो पिँढीबाट दबाब र तनाब, त्यस सन्दर्भमा निर्मित तिनका अनुभूतिले उपन्यासमा पर्याप्त स्थान पाएका छन्। तसर्थ रेमन्ड विलियम्सको अनुभूतिको संरचनाभित्रका पिँढी वा समुदाय तथा दबाब र तनाबको सापेक्षतामा उपन्यासको विश्लेषण गरिएको छ।

## सैद्धान्तिक आधार तथा विश्लेषणको ढाँचा

प्रस्तुत लेखमा प्राथमिक सामग्रीका रूपमा लैनसिंह बाङ्देलको *माइतघर* उपन्यास रहेको छ। अन्य समग्रीसङ्कलनार्थ पुस्तकालीय स्रोतलाई प्रमुख आधार बनाउँदै द्वितीय सामग्रीका रूपमा प्रयोग गरिएको छ। सङ्कलित सबै सामग्रीहरूलाई रेमन्ड विलियम्सको साहित्यको समाजशास्त्रको अवधारणाअन्तर्गत अनुभूतिको संरचनाका आधारमा अध्ययन विश्लेषण गरी मूल प्राज्ञिक जिज्ञासाको समाधान खोजिएको छ।

साहित्यका माध्यमबाट समाजको प्रतिविम्बित हुन्छ। साहित्यकारको विषय या घटनाको स्रोत समाज हो। समाज र साहित्यका बिच अन्तरसम्बन्ध हुने भएकाले साहित्यको समाजशास्त्रका बारेमा विभिन्न समय र सन्दर्भमा विद्वान्हरूले विभिन्न अवधारणाहरू प्रस्तुत गरेका छन्। जसअन्तर्गत अनुभूतिको संरचनामा बेलायती नवमार्क्सवादी साहित्य चिन्तक रेमन्ड विलियम्सले आफ्नो धारणा प्रस्तुत गरेका छन्। उनले संस्कृति र साहित्यको ऐतिहासिक मूल्याङ्कन गर्ने गरेका छन्।

**❋ लेखक भाषा–साहित्यको अध्ययन अनुसन्धान क्षेत्रमा संलग्न हुनुहुन्छ।**

उनका *कल्चर एन्ड सोसाइटी, द लङ्ग रिभोल्युसन, द कन्ट्री एन्ड सिटी, मार्क्सिज्म एन्ड लिटरेचर* जस्ता कृतिहरू उल्लेखनीय छन् । (घर्ती, २०७९, पृ.३६) उनले समाज, सामाजिक संस्कृति र साहित्यलाई जोडेर अनुभूतिको संरचना नामक नयाँ समाजशास्त्रीय अवधारणालाई अगाडि ल्याएका हुन् ।

विलियम्सको अनुसार अनुभूतिमा लेखकले कृतिमा प्रस्तुत गरेको समाज र पाठकले हेर्ने त्यस समाजको अनुभवको दृष्टिकोणबाटै अनुभूतिको संरचना निर्माण हुने बताएका छन् । उनले कुनै एक कालको कला साहित्यको अध्ययनबाट त्यस कालको भौतिक जीवन, सामाजिक सङ्गठन र निश्चित सीमासम्म प्रमुख विचारहरूको बोध गर्न सकिने बताएका छन् । समाज र साहित्यको सम्बन्ध खोज्ने क्रममा त्यहाँ यस्तो कुरा बाँकी रहन्छ, जसको कुनै बाह्य वस्तुसित सम्बन्ध जोड्न मुस्किल पर्छ । त्यसलाई विलियम्सले एक कालको कुनै बाह्य वस्तुसित सम्बन्ध जोड्न कलाकृतिको समग्रतामा अनुभव गरेर बोध गर्न सकिन्छ (पाण्डे, सन् २००६ : १८९) । उनले कृतिमा प्रस्तुत कुनै काल खण्डको समाजमा रहेका पिँढीहरूका बिचको अन्तरसम्बन्ध, त्यसबाट उत्पन्न दबाब र तनाबका समाधान स्वरूप जन्मने अर्को अनुभूतिको समग्रता पक्षको अध्ययन अनुभूतिको संरचनामा गर्ने सकिने कुरा व्यक्त गरेका छन् ।

रेमन्ड विलियम्सले समाजशास्त्रअन्तर्गतको अनुभूतिको संरचनाभित्र दुईओटा पक्षलाई जोड दिएका छन् । उनले कृतिमा अभिव्यक्ति पिँढीगत समुदाय र समुदायमा उत्पन्न दबाब र तनाबका परिप्रेक्ष्यमा अनुभूतिको संरचना उल्लेख गरेका छन् । उनीले वर्गभन्दा बढी समुदायलाई महत्त्व दिएका छन् । उनको वर्ग आर्थिक पक्षसँग सम्बन्धित रहेको हुन्छ । त्यसैले आर्थिक सङ्कुचनवादका रूपमा वर्ग देखिन्छ (पाण्डेय, सन् २००६ , पृ.१८२) । मार्क्सवादीहरू अर्थलाई नै निर्धारक तत्त्व मान्दछन् । यही मार्क्सवादीहरूको कुरामा असहमत नवमार्क्सवादीहरूको रहेको छ ।

विलियम्सले अनुभूतिको संरचनाको व्याख्या गर्ने क्रममा तीनवटा पिँढीको चर्चा गरेका छन् । प्रभुत्त्वशाली पिँढी पहिलो पिँढी हो, जो पुस्ताको अभिप्रायका सन्दर्भमा नभई सांस्कृतिक शक्तिका रूपमा रहेको हुन्छ । यस्तो प्रभुत्वशाली पिँढी वा समुदायको सांस्कृतिक प्रभाव शासकतुल्य हुन्छ भनेका छन् । उनका अनुसार यही सांस्कृतिक पिँढी वा समुदायले दोस्रो पिँढीलाई सांस्कृतिक रूपमै आफ्नो अनुकूल बनाउन मानसिक रूपमा तयार पार्ने काम गर्दछ । उनको यो अवधारणा ग्राम्सीको प्रभुत्वशाली धारणाबाट प्रभावित भएको देखिन्छ । एन्टोनियो ग्राम्सीले हेजेमनीमा चाँहि शासकले शोषितको "म शोषित हुन तयार छु" भन्ने स्वीकारोक्ति निर्माण गर्दछ । त्यस्तो किसिमको स्वीकारोक्ति आफै आउँदैन । त्यसलाई शासकले विभिन्न किसिमका वैचारिक तथा सङ्कथनमार्फत सिर्जना गरेका हुन्छन् (पाण्डेय, २००६,पृ.७) । उनले तीन पिँढीको व्याख्या गर्दै तिनीहरू एउटै अवस्थामा नभएर विभिन्न चरणमा सिर्जना हुन्छ ।

उनले अनुभूतिको संरचना निश्चित ऐतिहासिक क्षणको अभिव्यक्ति हो । उनले वर्गभन्दा पिँढी वा समुदायलाई महत्त्व दिँदै समाजमा पहिलो, दोस्रो र तेस्रो गरी क्रमशः प्रभुत्वशाली, अधीनस्थ र उदीयमान पिँढी वा पुस्ता रहने र यी पुस्ताका बिच क्रियाप्रतिक्रिया हुँदा तनाब  दबाब उत्पन्न भई नयाँ संस्कृति वा विचार निर्माण हुन्छ र त्यही नै अनुभूति हो भन्ने धारणा प्रस्तुत गरेका छन् (लुइटेल, २०७६,पृ.३३) । ती तीन पिँढी निम्न छन् ।

**प्रभुत्वशाली पिँढी**

पिँढी कुनै पनि समाजमा एक कालविशेष व्यवहार, मूल्य, अभिप्रायको प्रधान सांस्कृति स्वरूपको एक केन्दीय पद्धति सक्रिय हुन्छ जुन प्रमुख हुन्छ, प्रभुत्वशाली हुन्छ र प्रभावकारी हुन्छ । यो मूर्त, सङ्गठित हुन्छ र सामाजिक जीवनको प्रमुख हिस्साका रूपमा रहन्छ (विलियम्स्, सन् १९७३, पृ.९) । प्रत्येक कालखण्डको समाजमा विद्यमान विभिन्न संस्कृतिको अवस्था रहन्छ । त्यसमा पनि पहिलो प्रभुत्वशाली पिँढीको संस्कृति सर्वाधिक

अस्तित्वशाली रहेको हुन्छ । मूलधारको संस्कृतिगत अधिपत्यको पहिचानका निमित ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणासँग धेरै नजिक छ ।

**वैकल्पिक पिँढी**

कुनै पनि जटिल सामाजिक व्यवस्थाभित्र मूल धारको संस्कृतिसँगै अर्थ र मूल्यको, विचार र प्रवृत्तिको, व्यवहार र अनुभवको अनि जगत्‌बोधको एउटा स्पष्ट विकल्प रहेको हुन्छ । पहिलो प्रधान स्वरूपको संस्कृतिको विकल्प बनेर रहेको त्यस दोस्रो प्रकारको संस्कृतिलाई वैकल्पिक पिँढीले अवलम्बन गर्दछ । प्रधान संस्कृतिलाई सहन गर्ने र त्यसैमा समायोजन हुने त्यस पिँढीको मूल प्रवृत्ति हुन्छ तर पनि जुनसुकै यथार्थ समाजका सम्पूर्ण व्यवहारका क्षेत्र तथा विचारका प्रक्रियाका सम्बन्धमा वैकल्पिक पिँढीले आन्तरिक विरोध र परिवर्तनको चाहना भने सँगालिरहेको हुन्छ, यद्यपि मूलधारको सीमाभन्दा बाहिर ती अभिव्यक्त हुन पाउँदैनन् (विलियम्स्, सन् १९७३, पृ.१०) । यो दोस्रो प्रकारको वैकल्पित संस्कृति अधीनस्थ स्वरूपको हुन्छ ।

**उदीयमान पिँढी**

उदीयमान पिँढी भन्नाले मूर्त नभई सकेको पिँढीलाई बुझिन्छ । रेमण्डले समाज र मानवीय क्रियाकलापहरू आज जस्तो छ भोलि पनि त्यस्तै रहदैन । समाजमा भएको मानवीय क्रियाकलाप बीचको अन्तरसम्बन्ध ऐतिहासिक काल खण्डमा परिवर्तन हुँदै जान्छ । उनले प्रभुत्वशाली सांस्कृतिक समूहको अधीनस्थता स्वीकार नगरी त्यसका विकल्पमा नयाँ संस्कृति निर्माण गर्ने समुदायलाई तेस्रो पिँढी मानेका हुन् । जसले नयाँ किसिमको अनुभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनाबको सिर्जना हुन्छ र त्यसको समाधानका रूपमा तेस्रो पिँढीले अथवा समुदायले वैकल्पिक बाटो लिन्छ । उनले यसलाई समाधानतर्फ उन्मुख संस्कृतिका रूपमा व्याख्या गरेका छन् (पाण्डेय, २००६, पृ.१८६) । यस किसिमको सांस्कृतिक समूहलाई नवउदीयमान वा वैकल्पिक पिँढीका रूपमा व्याख्या गरेका छन् । प्रभुत्वशाली पिँढीले आफ्नो प्रभुत्व देखाउन खोज्दा दबाब र तनाब उत्पन्न हुन्छ । पीडक र पीडा पाउने बिच निरन्तर सङ्घर्ष हुन्छ । त्यसको प्रतिक्रिस्वरूप विभिन्न रूपमा प्रतिक्रियात्मक कार्यहरू हुन्छन् । सामाजिक बनोट, धर्म आस्था र विश्वास, संस्कृति र पम्पराका कारण तत्कालीन अवस्थामा विरोध गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । तरपनि निरन्तर सङ्घर्ष भईरहको हुन्छ । देखिने गरी विरोध गर्न सक्ने उदीयमान पिँढी हुन्छ । यसरी पिँढीगत अन्तरविरोधमा प्रकट हुने पारस्परिक प्रतिरोध चेत अनुभूतिको संरचना निर्माणको आधार हुन्छ ।

**दबाब र तनाबजन्य अनुभूतिको संरचना**

विलियम्स प्रस्तुत गरेको अनुभूतिको संरचना व्यावहारिक अनुभव र सैद्धान्तिक उपकरण हो । अहिलेको वा हिजोको कुनै पनि समाजको साहित्य सामाजिक अवस्थाबाट बाहिर हुँदैन । समग्र मानिसहरूको अनुभूतिको संरचना वरिपरि नै साहित्य घुम्छ । अनुभूतिको संरचनाका माध्यमबाट त्यो कुनै कालखण्ड विशेषको समाजका समुदायहरूका बिचको अन्तरसम्बन्ध, त्यस क्रममा सिर्जना हुने दबाब र तनाब अनि त्यसले जन्माउने विशिष्ट अनुभूतिसँगै त्यस दबाब र तनाबको समाधान स्वरूप देखापर्ने प्रयासले जन्माउने अर्को अनुभूति आदिका समग्रताको अध्ययन गर्न सकिन्छ (पाण्डेय, २०७३, पृ.३४) । हरेक कालखण्डमा पीडक र पीडा पाउनेमा दबाब र तनाब सिर्जना भइरहने र फरक फरक अनुभूति हुने गर्दछ ।

विलियम्सका अनुसार यो एक प्रकारले व्यक्तिगत र सार्वजनिक दुवैलाई जोडेर हेर्ने समग्रतावादी पद्धति हो । अहिले वा हिजोको कुनै पनि समाजको साहित्य सामाजिक अवस्थाबाट बाहिर रहदैन । समग्र मानिसहरूको अनुभूतिको संरचना वरिपरी नै साहित्य हुन्छ । अनुभूतिको माध्यमबाट त्यो कुनै कालखण्ड विशेषका समाजका समुदायहरूका बिचको अन्तरसम्बन्ध, त्यस क्रममा सिर्जना हुने दबाब र तनाब अनि त्यसले जन्माउने विशिष्ट

अनुभूतिसँग त्यस दबाब र तनाबको समाधानका रूपमा देखापर्ने प्रयासले जन्माउने अर्को अनुभूति आदिका समग्रताको अध्ययन गर्न सकिन्छ ।

अनुभूतिको संरचनाका आधारमा साहित्यको अध्ययन गर्दा कृतिमा विद्यमान पिँढी तथा त्यस्ता पिँढी अन्तरसम्बन्धको खोजी विभिन्न पिँढी समुदायको अनुभूतिलाई बुझ्न समाजमा विद्यमान संस्कृति र दबाब तथा

तनाबको अन्तर्सम्बन्धको ज्ञान हुनु पर्दछ । तसर्थ अनुभूतिको संरचनाको व्याख्या गर्दा दबाब र तनाबका सन्दर्भमा घटित हुने दोहोरो प्रक्रियाको अनुभवलाई कलाकृतिको व्याख्याको क्रममा अलग्याएर हेर्न सकिदैन । तसर्थ सांस्कृतिक समूहको प्रभुत्व र अधीनस्थता तथा प्रतिरोधी चेतना नै अनुभूतिको संरचनाको मूल आधार हो ।
अनुभूति गरेको सामाजिक वा वैयक्तिक जीवन जगत्सम्बन्धी मान्यता बाह्य रूपमा प्रकट गर्न कृतिका माध्यमबाट लेखकले आफ्नो सिर्जनशीलतालाई प्रकटीकरण गर्छ । लेखकले देखेको सत्य जो विचारका रूपमा समाजमा स्थापित नभई अनुभूतिका रूपमा रहेको हुन्छ, त्यसलाई विचारका रूपमा स्थापित गर्ने परोक्ष रूप साहित्यमा पाइन्छ । यसरी लेखकले गर्ने अनुभूति कृति मार्फत पाठकले गर्ने अनुभूति समाजमा र पुनः समाजले गर्ने अनुभूति लेखकमा प्रवाहित भइरहने भएका कारण कुन समयको अनुभूतिको संरचना के थियो भन्ने जानकारी लिएर समाज, संस्कृति, रीतिरिवाज, परम्परा, सभ्यता आदिको अध्ययन गर्ने सकिने भएकाले साहित्यको समाजशास्त्रको अध्ययनका लागि अनुभूतिको संरचना महत्त्वपूर्ण मापदण्डका रूपमा देखिन आउँछ ।

### ***माइतघर*****मा उपन्यास अनुभूतिको संरचना**

नेपाल देश छोडेर विदेशी भूमिमा बसे पनि नेपालीहरूले आफ्नो समाजको रहनसहन, चालचलन, वेशभूषा, रीतिरिवाज, भाषा, धर्म छोडेका छैनन् । तिनै परम्परागत रूपमा चल्दै आएका यस्ता धार्मिक, सांस्कृतिक रूढी मान्ने र पितृसत्तात्मक पारिवारिक सामाजिक संरचनाका कारण भोग्नुपरेको दबाब र तनाब, तथा लिङ्गगत पिँढी माध्यमबाट *माइतघर* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली तथा अधीनस्थ पिँढीको विश्लेषण निम्नलिखित उपशीर्षकहरूमा गरिएको छ ः

### ***माइतघर* उपन्यासमा पिँढी**

लैनसिंह बाङ्देलद्वारा लिखित *माइतघर* (२००८) नारी वेदनामा केन्द्रित सामाजिक उपन्यास हो । तत्कालीन उपन्यास लेखनको समयमा नेपालमा एकतन्त्रीय जहानियाँ प्रभुत्वशाली राणा शासन थियो । उनीहरूको अनुदार र निरङ्कुश राजनैतिक व्यवस्थाको रापले छटपटाएको तत्कालीन नेपाली समाज सुखी र सम्पन्न थिएन (प्रधान, २०७२, पृ.२०२) । अशिक्षा, गरिबी, बेरोजगारी, जातीय विभेद, वर्गीय उत्पीडन, सामाजिक अन्धविश्वास र कुसंस्कारले समाज आक्रान्त भइरहेको थियो । दुई छाक खान पनि धौऊधौऊको अवस्थाका कारण नेपालीहरू नेपाल छोडेर भारत लगाएत अन्य देशहरूमा जाने प्रचलन थियो । माइतघर उपन्यासमा पनि नेपाल छोडेर भारतको राजबाडी गाउँमा बस्ने नेपाली समुदायका पात्रमा केन्द्रित छ । नेपालबाहिर बसेपनि नेपाली धर्म, संस्कार, परम्परा, चालचलन छोडेका छैनन् । तिनै रूढीग्रस्त सामाजिक, धार्मिक परम्परा, अन्धविश्वास, आर्थिक अभाव जस्ता विविध कारण उपन्यसका पात्रहरू अनेकौं दबाब र तनाबमा बाचेका छन् । तिनै अनुभवजन्य अनुभूतिका आधारमा उपन्यासका पात्रहरूलाई विभिन्न पिँढीमा विभाजन गरेर अध्ययन गरिएको छ ।
माइतघर उपन्यासमा प्रवासमा रहेका नेपालीहरूको सामाजिक जीवनको यथार्थ चित्रण गरिएको छ । दार्जिलिङको राजबाडी गाउँमा बस्ने हरि र सानीका परिवारकामार्फत सिङ्गो नेपाली समाजको सामाजिक परिवेशको चित्रण प्रस्तुत भएको छ । उनीहरू नेपाली संस्कार, धर्म, संस्कृति, रूढीवादी परम्परा मान्ने सोझा सिधा नेपालीका प्रतिनिधि पात्र हुन् (दाहाल, २०५८, पृ.२६२) । उपन्यासमा केवल बाह्य सामाजिक वातावरणको मात्र चित्रण नभएर हरि र सानीका मनोलोकको रहस्य उद्घाटन गरिएको छ ।
बाल्यकालमा हरि र सानी छिमेकीका रूपमा सँगै खेल्ने बालसखा हुन् । बाल्यकालमा परेवालाई हिर्काउन हुन्न भन्ने थाहा हुदैन । सानीले हरिलाई परेवालाई हान्न ढुङ्गा दिएको र हरिले परेवालाई हानेको प्रसङ्गबाट उपन्यास सुरु भएको छ । हरिले - "एउटा सेतो परेवा अर्को छिरबिरे रङ्गको परेवावरिपरि घुम्दै नाच देखाइरहेथ्यो । हरिले त्यही परेवालाई ताकेर हान्यो । परेवाको शिरमा लागेछ, त्यो फटफटाउन थाल्यो (बाङ्देल, २०७६ः२) ।" हरि र सानी दुबैलाई बालपनका कारण परेवालाई फित्कौलीले चोट लाग्छ भन्ने कुरा हेक्का हुदैन । तर उपन्यास पढी रहेका

हरिका बुबा सुबेदार बलवीर खड्काको ध्यान छुट्छ । उनी रिसाउँछन् । उनी भन्दछन् : "ओहो ! त्यो के गरेको हँ ? कस्तो उपद्रो ! लौ, हेर लौ ! त्यसले त त्यो परेवालाई... (बाङदेल, २०७६, पृ.२) ।" उनी रिसाउँछन् र
हरिलाई कुट्न भनी झम्टन्छन् । हरि घरभित्र भाग्छन् । तर सानीलाई भेट्टाउछन् र हप्काउँदै कान पक्रे गाली गर्दछन् ।

प्रस्तुत सन्दर्भबाट सुबेदार बलवीर खत्री हरिका बाबु हुन् । उनी भारतीय सेनाका सेवानिवृत्त सैनिक हुन् । उनको व्यवहार र चरित्रमा उनको सैनिक पेसाको स्पष्ट प्रभाव देखिन्छ । उनी अनुशासन र नियमलाई कडाइपूर्वक पालना गर्ने र गराउने प्रवृत्तिका देखिन्छन् । उनी केही धन कमाएको फुर्सदका बेलामा उपन्यास र पत्रपत्रिका पढ्ने आदत देखिन्छ । पितृसत्तात्मक सामाजिक बनोट भएको समाजमा उनी आफ्नो पुरुषत्वको प्रभाव नारी पात्रमा देखाएको छ । हरिले गल्ती गर्दा पनि सानीलाई उनले सजाए दिएका छन् । सानीले सुबेदार्नीलाई कुरालाउँदा "के रे के ? बडाले के गऱ्यो रे ? पोल लाउँछेस् बाठी ! अब आफ्नो घर जा अनि तेरी आमालाई पनि त्यसै भन् र पोल हाल् त बाठी...(बाङदेल, २०७६, पृ.४) ।" सुबेदार कडा स्वभावका थिए । उनीको सानी, सुवेदर्नी लगायतका सानीकी आमा रत्नालाई समेतप्रति हेपाहा प्रवृत्ति देखिन्छ । हाम्रो समाजमा सानालाई हेप्ने र नारीलाई पुरुषले गर्ने व्यवहार कस्तो रूपमा प्रकट हुन्छ भन्ने कुरा प्रस्तुत भएको छ ।

सुबेदार बलवीर खत्रीले "अघिल्लो स्वास्नी परलोक भएको छब्बीस वर्षपछि दोस्रो विवाह आफूभन्दा धेरै कम उमेरकी सुवेदार्नीसँग गर्दछन् (बाङ्देल, २०७६, पृ.८) ।" सुबेदारको बुढेसकाल उमेरमा हरिको जन्म हुन्छ । पितृसत्तात्मक नेपाली समाज यो कुरालाई सहज मान्दछ । त्यसैले सुबेदार पुरुषका आधारमा प्रभुत्वशाली वर्गमा पर्दछन् ।

हरि सुबेदार बलवीर खत्रीका छोरा हुन् । उनको उपन्यासमा प्रमुख भूमिका रहेको छ । उनी परम्परागत पितृसत्तात्मक नेपाली हिन्दु संस्कारलाई छोडन सक्दैनन् । उनी सानीका बाल सखा हुन् । उनीहरू बिच सानै उमेरदेखि नै आत्मीय प्रगाढ प्रेम बस्छ । सानीका परिवार इलाम गएपछि उनीहरूका बिच १३ वर्षसम्म भेटघाट नभएको प्रसङ्ग उल्लेख भएको छ । नेपालमा सानीका बुबा बितेपछि सानी र सानीकी आमा रत्ना पुनः राजबाडी गाउँमा आएर हरिकै घरमा बसेका छन् । हरि र सानी दुवै युवा अवस्थामा प्रवेश गरेका छन् । हरिको बुबाको पनि मृत्यु भएकाले घर परिवारको जिम्मा हरिकै काँधमा अएको छ । ऊ आफ्नो पढाइ पूरा गर्ने चाहे पनि उसले पूरा गर्न सकेको छैन । उसको जीवन चलाउनका लागि जागिर खानुपर्ने बध्यता उसलाई छ । आर्थिक, राजनैतिक आधार हरि अधीनस्थ वर्ग पर्दछन् । आर्थिक, राजनैतिक र सामाजिक कारणले उनका इच्छा आकाङ्क्षा पूरा हुन् सकेको छैन । तरपनि ऊ आफ्नै पीडा र दुखमा भएपनि सानीको परिवारलाई आश्रय दिए पालनपोषण गरेको छ ।

सानी हरिको घरमा बस्ता उनीहरूका बिचमा प्रेम स्फुरण हुँदै जान्छ । एक दिन सानी बिरामी हुन्छे । हरिले डाक्टर बोलाउँछ, बिरामी सानीको सेवा गर्छ । सानीलाई हरपल नछोडी कुनै अप्ठ्यारो परिस्थिति आउन दिदैन । सानीलाई सन्चो भएपछि लक्ष्मीपूजाको दिन उनीहरू दार्जिलिङ शहरको झिलिमिली हेर्न जान्छन् । "मानिसको हुलहुलमा, अपार घुइँचोमा हरिले सानीलाई हालमा समाती डोऱ्याई-डोऱ्याई सबै रमिता देखायो । चारैतिर झिलिमिली बत्ती, मानिसको घुचारो, अत्तर र धूपको सुगन्ध सानीलाई सपना-सपनाजस्तो पनि लाग्यो (बाङदेल, २०७६, पृ.३०) ।" उनीहरू भित्रभित्रै एक-अर्काप्रति समर्पित हुँदै जान्छन्, तर उनीहरूको यो समर्पण, सद्भाव र प्रेमको विरूद्ध समाजको आडम्बरी रीतिरिवाज बाधक बन्दछ । उनीहरू यो सामाजिक परम्परा तोडन सक्दैनन् ।

सुबेदार्नी र रत्ना दुबै आमाले सानीको विवाहका कुरा गर्दा हरिले पनि नकार्ने सक्दैनन् । नेपाली सामाजिक परम्परा आमाहरूका कुराका अघि हरिले आफ्नो निर्णय गर्न सकेन । सानीको विवाह निश्चित भएपछि हरि र सानीका "दुवैका आँखा जुधे, अनि दुवैका आँखाको बीचमा हजारौँ मानवीय प्रश्नका फिलिङ्गाहरू उडे, अनि स्नेहका हजारौँ पराग त्यहाँ बर्सिरहे, अनि ताण्डवनृत्यले दुवैका आँखा फेरि तिरिमिरी पारिदियो (बाङदेल, २०७६, पृ. ३९) । दुवैलाई यस कुराले मर्माहत पाऱ्यो । हरि सानी दुवैले सामाजिक परिवेशका अगाडि घुडा टेक्न बाध्य छन् । उनीहरूले समाजमा विद्रोह गर्ने नसक्नाले उनीहरू उदीयमान पिँढी नभई अधीनस्थ पिँढीका रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ ।

सानीलाई विवाहको चिन्ता लाग्छ । सानीलाई विवाह नगर्ने कुरा गर्दै -"हरि दाज्यू, मैले केही बिराम गरको भएपनि, मेरो केही दोष भएपनि मलाई माफी दिनुपर्छ, तर विवाह भने गर्दिनँ । हरि दाज्यू, मलाई बिहे गर्ने इच्छा छैन । अर्काको घरमा, नचिनेको जहानमा गएर म बस्न सक्दिनँ । म यही मेरो माइतघर । यहीँ बसेर आमा र बडीलाई हेर्छु, तपाईको पनि सेवा गर्छु, जन्मभर म यही घरमा बस्छु... (बाङ्देल, २०७६, पृ.४०) ।" सानी अबोध, सरल र मर्मस्पर्शी अनुरोधले हरिको हृदयमा चोट लाग्यो । तरपनि हरिले सानीको विवाह रोक्ने प्रयत्न गरेनन् । नेपाली समाजमा पुरुषलाई निर्णाय अधिकार दिएको छ । हरि पुरुष भएकै कारण उनको निर्णय नारी अन्य पात्रले मान्न बाध्य छन् ।

हरि पुरुष भएकै कारण सानी विवाह गर्ने बाध्य भएकी हो । उनी आफू नारी भएकै कारण सानी भनी -"हरि दाज्यू, मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस्... अर्को जन्ममा तपाईसित मेरो भेट हुन्छ कि हुन्न ? अर्को जन्ममा पनि तपाईले मलाई उही सानी हो भनेर चिन्न सक्नुहुन्छ...?" (बाङ्देल, २०७६, पृ.४८) हाम्रो नेपाली समाजमा पुरुषको निर्णयलाई महिलाले मानुपर्ने बाध्यताको विरोध गरेकी छिन् । तर पनि उनी प्रतिकारमा उत्रिन सकेकी छैनन् । यसबाट पितृसत्तात्मक पुरुषप्रधान नेपाली समाजको हरिमार्फत प्रस्तुत भएको छ । यसर्थ पुरुषत्वका आधारमा हरि प्रभुत्वशाली वर्गमा पर्दछन् ।

सानीले नचाहादा नचाहदै उनको विवार्हे भयो । विवाह भएपनि उनलाई श्रीमान्ले राम्रो व्यवहार गरेनन् । उनी सानी हुँदा हुँदै दोस्रो विवाह गरे । पितृप्रधान समाजका कारण पुरुषले दोस्रो विवाह गर्ने पनि छुट छ । त्यसबाट घरपरिवारमा कति दुःख पीडा उत्पन्न हुन्छ भन्ने कुरा पुरुष जातिले बुझ्न नचाएको पाइन्छ । यसबाट पुरुष हैकम या पुरुष प्रभुत्वशाली वर्गमा रहेको पाइन्छ । सानीले पुरुषै भएका कारण आफ्नो श्रीमान्को विरोध गर्न सकिन । केवन उनी - "हे धरती आमा ! अब अर्को जन्ममा त म लोग्नेमानिस भएर जन्मूँ । मलाई आइमाईको जन्म लिएर फेरि आउनु नपरोस् ... ।" (बाङ्देल, २०७६, पृ.८०) यसरी सानी व्यक्ति इच्छाभन्दा पितृसत्तात्मक पुरुष प्रधान नेपाली समाजको सिकार बनेकी छ । एकातिर हरिबाट पीडा भोगेकी सानीले विवाहपश्चात श्रीमान्बाट पनि अनेकौं दबाब र तनाब सहनुपरेको छ । तत्कालीन नेपाली समाजले बहुविवाहलाई स्वीकारेको छ । सानीमाथि सौता हाल्दा पनि समाज घरपरिवारले कुनै विरोध गरेको छैनन् । उल्टो सौतासँग घरमै मिलेर बस्न सानीलाई बाध्यता परेको छ । यसबाट नेपाली समाजका पुरुषप्रधान भएको र समाजका बहुसख्यक पुरुषहरू लिङ्गका आधारमा प्रभुत्वशाली वर्गमा पर्दछन् ।

सानीले विवाह पछि अनेकौं समस्याहरू झेल्नु पऱ्यो । उनीमाथि श्रीमान्ले सौता हालेपछि झन उनको जीवन दुःखदायी बन्यो । उनले घरमा बस्न नसकेर माइती सम्झेर हरिको घर गइन । त्यहाँ पनि आश्रय नमिले पछि उनी एक रात "घर पर्केर नजाने विचार गरेकी थिई । के संसारमा आफूलाई कतै आश्रय मिलेन ? आफू समाजका निम्ति कलङ्किनी, दुनियाँका निम्ति आँखाको कसिङ्गर, धर्मका निम्ति पनि पापिनी अनि पृथिवीका निम्ति पनि ठुलो भार भई । अनि आफ्ना निम्ति पनि बाँचिरहन कष्टमय भयो (बाङ्देल, २०७६, पृ.८३) । उनले संसारमा एक्लो भएको अनुभाव गरिन । उनी अनेकौं पीडा सहेर बाच्न परेको देखिन्छ । उनी आफूलाई कमजोर ठानी आत्महत्यासम्म गर्न खोज्छिन् । यसबाट नेपाली समाजमा नारीको अवस्था र कस्तो अवस्था बाँच्न बाध्य छन् भन्ने कुरा प्रस्तुत गरेको छ । नारी लगायतका उपन्यासमा प्रयोग भएका सबै नारी पात्र आफूमा परेको समस्यामा विद्रोह गर्न नसक्ने अधीनस्थ वर्गका नारीहरूमा पर्दछन् ।

लिङ्गका आधारमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषलाई प्रधान हुने र नारी सहयोगिका रूपमा अधीनमा बस्ने प्रचलनका कारण पुरुष पात्रहरू प्रभुत्वशाली पिँढीका रूपमा रहेका र नारी पात्रहरू अधीनस्थ पिँढीका रूपमा रहेका छन् । आर्थिक, राजनैतिक दृष्टिमा पुरुष पात्रहरू पनि अधीनस्थ पात्रका रूपमा रहेका छन् ।

**दबाब र तनाबजन्य अनुभूतिको संरचना**

सामाजिक विषयलाई विषयवस्तु बनाइएको माइतघर उपन्यास सामाजिक यर्थाथवादी उपन्यास हो । उपन्यासका प्रमुख र केन्द्रीय पात्र पुरुष पात्र हरि र महिला पात्र सानी हुन् । हरि र सानीका बाबा आमा काम र मामको खोजीमा

नेपाल देश छोडेर भारतको राजवाडी गाउँमा छिमेकीका रूपमा जीवन बिताएका हुन्छन् । उपन्यासमा नारीजीवनको व्यथा र करुण आदर्शलाई सफलतापूर्वक चित्रिण गरेको सानीले नेपाली छोरीबेटीहरूको प्रतिनिधित्व गर्छे । ती नेपालीहरू अशिक्षा र सामाजिक क्रुर परम्पराको दाह्राले उनलाई पिल्सिएको छ । माइतघर चेलीका लागि होइन छोडेर जानुपर्छ (रेग्मी, २०५०, पृ.१४५) । नेपाली सामाजिक परम्परा, धर्म, संस्कृति, चालचलनका कारण उपन्यसका पात्रले विरोध गर्न नसक्नाले दुःखद जीवन अनेकौं दबाब र तनाबको पीडामा बाच्नु पर्छ ।

उपन्यासको सुरुवात बिहानको कलिलो घाममा सुवेदार बलवीर खड्का हिन्दी उपन्यास पढ्न लाएको प्रसङ्गबाट सुरु हुन्छ । हरि र सानी परेवालाई जिस्काइरहेका हुन्छन् । उनीहरू सानै भएकाले परेवा हिर्काउँदा परेवा घाइते या मोर्छ भन्ने कुरा बुझ्दैनन् । हरिले परेवालाई ताकेर हान्यो । परेवाको शिरमा लागेछ, त्यो फटफटाउन थाल्यो ।" हरि सानी जस्ता साना बालबालीकाले परेवासँग जिस्कदा परेवालाई चोट लाग्छ भन्ने थाहा हुँदैन उनीहरू परेवासँग जिस्कदा जिस्कदै परेवालाई चोट लागेपछि सुवेदार बलवीरलाई असमयमै पुस्तकबाट आफ्नो ध्यान हटाएर गाह्रो मान्दै  सुवेदारले हपारे- 'के चलन गर्दै छस् हरि ।' अनि फेरि आँगनमा फटफटाइरहेको सेतो परेवालाई देखेर -'आहो ! त्यो के गरेको हँ ? कस्तो उपद्रो ! लौ, हेर लौ ! त्यसले त परेवालाई ... !' (बाङदेल, २०७७, पृ.२) सुबेदारले हरिलाई कुट्न झम्टे तर हरि भागे सानीलाई समातेर - "सानी ! अबदेखि परेवा हान्छेस् कि हान्दिनस् ।" सानी बोलिन हेर्दाहेर्दै सानीका आँखा आँसुले डबडब भए । पुरुष र ठुलाका अगाडि सानी केही बोल्न सक्दिनन् । नेपाली समाजमा ठुलो उमेरकाले सानालाई हेप्ने प्रवृत्ति छ । त्यसमाथि सुवेदार पुरुष पात्र त्यसको हेपाइ सानीले सानै उमेरमा खप्नु परेको छ । उपन्यासमा प्रस्तुत गरिएको समाज पितृसत्तात्मक देखिन्छ ।

हरिसँग सानीले विवाह नगरि दिन अनेकौ सानीले आग्रह गरिन । "सानीको अबोध, सरल र मर्मस्पर्शी अनुरोधले हरिको कठोरता, दृढता पग्लेर पानीजस्तो भयो । दुःखले, व्यथाले, अभिमानले, दर्दले खसेको सानीको आँसु हरिका गोडामा पनि पऱ्यो, अनि त्यो तातो आँसुको स्पर्शले पृथिवीबाट उठेर आएको प्रचण्ड तातो बाफ भएर हरिको छातीसम्म पुग्यो ।" (बाङदेल, २०७६, पृ.४०) सानी र हरि दुवैमा छुटिनुका पिडा भएपनि सामाजिक बन्धनका अगाडि झुक्न बाध्य हुन्छन् । हरिलाई सानीका विवाहको कुराले मानसिक आघात पाऱ्यो । "हरिलाई मुटुमा हठात् कसैले आघात गरेजस्तो लाग्यो । ...जूनको शीतल किरण पनि हरिको दग्ध छातीभित्रपस्न सकेन- घामको न्यानो तातोले पनि हरिको सित्त हृदय ओबानो पार्न सकेन ।" (बाङदेल, २०७६, पृ.४४) सामाजिक मर्यादाका अगाडि हरिको प्रेम झुक्न बाध्य हुन पऱ्यो । हरि एकातिर आफ्नो इच्छालाई साकार बनाउन आवश्यक पहल गर्न नसक्ने काँतर स्वभावको पात्रका रूपमा देखिएको छ भने अर्कातिर सामाजिक मर्यादाभित्र बस्ने एक आदर्श, नैतिकवान् र कर्तव्यपरायण व्यक्तित्वका रूपमा उपस्थित भएको छ । हरिमा तीव्र द्वन्द्व छ । प्रेम रोज्ने कि सामाजिक मर्यादा भन्नेमा द्वन्द्व छ । हरि मानसिक द्वन्द्वले ग्रस्त पात्र हो । उसले सानीलाई प्रेम पनि गर्ने र बहिनीका रूपमा आडम्बरी कर्तव्य पनि निर्वाह गर्ने दोहोरो चरित्र प्रस्तुत गरेको छ । उसलाई सानीको विवाहको चर्चाले गम्भीर आघात पुऱ्याएको छ; तापनि सामाजिक मर्यादालाई चुनौती दिन नसक्दा बहिनीका रूपमा अर्काको घरमा पठाउन बाध्य भएको छ । सामाजिक परम्परा, धर्म, संस्कृति, समाज, आमा आदिका विरोधमा हरि अगाडि बढ्न सकेको छैन । त्यसैले हरि उदयमान पिँढी नभए र अधीनस्थ पिँढी हो । हरिले आफू पुरुष भएकै कारण सानीसँग विवाह नगर्ने र अर्को पुरुषसँग सानीको विवाह गर्ने महत्त्वपूर्ण भूमिका खेलेकोले ऊ प्रभुत्वशाली वर्गको पनि भूमिका खेलेको छ ।  सानीको विवाह पश्चात उनका श्रीमान्ले सौता हाले पछि सानी माइतीघरका रूपमा हरिकै घरमा बस्छु भन्दा पनि उसले सानीलाई घरबाट जान बाध्य गरेकाले ऊ प्रभुत्वशाली समुदायको प्रतिनिधित्व गरेको छ ।

सानी हरिलाई आफ्नो पीडा अभिव्यक्त गर्दै भदछिन्- "यो जन्ममा तपाईको छेउमा बस्न पाएँ, अर्को जन्ममा पनि तपाईको छेउमा बस्न पाऊँ । हरि दाज्यू, आजैसम्म तपाईको छेउमा बस्न पाउँछु, भोलिपर्सिदेखि ता अर्को घरमा ! आहो, को-को नचिनेको मान्छेसित बोल्नपर्छ, बस्नुपर्छ, खानुपर्छ । छिः, मलाई ता सम्झँदा पनि नराम्रो लागेर आउँछ (बाङदेल, २०७७, पृ.३९)  । सानीले आफ्नो प्रेम भाव र हरिप्रतिको माया प्रकट गर्दा पनि हरिले स्वीकार गर्न नसकेकाले सानी ठुलो पीडामा परेकी छिन् । सानी अझ भन्छिन्- "हरि दाज्यू, मेरो चौरासी लाख जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस्... अर्को जन्ममा तपाईसित मेरो भेट हुन्छ कि हुन्न ? अर्को जन्ममा पनि तपाईले

मलाई उही सानी हो भनेर चिन्न सक्नुन्छ...?" (बाङदेल, २०७६, पृ.४८) सानीका कुराले हरिको मुटुमा गाँठो पर्‍यो । उनी सिकार भाग्दाभाग्दै सिकारीको बाण लागेर आघात भएजस्तो मनैमन असह्य व्यथा अनुभव गरिरह्यो उनले आफ्नो बलबुता थाहा पाए तरपनि उनी केही गर्न नसक्ने केही गर्न नसक्ने भएर दाजु बहिनीको सम्बन्ध तोडन सकेन । यसरी हरि र सानी पीडामा रहेपनि परम्परा र समाजका अघि उनीहरू घुँडा टेक्न बाध्य भएका छन् ।

सानीको विवाहपछिको घरमा राम्रो सम्बन्ध भएन । सानीलाई घरपरिवारले हेला र तिरष्कार सहनु पर्‍यो । विवाह भएपछिको पहिलो दशैँमा पनि सानीको श्रीमान् आएनन् । केही समयपछि सानीकी आमा विरामी परिन । सानीले आमालाई हेर्न आउँदा पनि उनका श्रीमान् आएनन् । सानीको जीउ सुकेर सिन्कोजस्तो भइसकेको, नाकको डडाँल्नो र गालागालामा चायासमेत बसिसकेको अनि जीउमा पनि मैलो, फेरुवा गुनिउँचोली र मजेत्रो पनि झोम्रो थियो । सानी जीवन बाच्नु र मर्नुको दोसाधमा बाच्नु पर्ने बाध्यता थियो । पोइले सौता हालेपछि स्वास्नीमानिसको जीवन कस्तो हुन्छ ? पोइले सौता हालेपछि विवाहिता आइमाईको जीवनमा दूध पनि विष हुन्छ, औषधी पनि मृत्यु हुन्छ । यसैले त्यसलाई आजन्म रुवाएर आँसुको सागरमा डुबाउँछ, अनि कसैलाई छिटै मृत्युको मुखमा पनि पुर्‍याउँछ ( बाङदेल, २०७६, पृ.६५) । सानीको जीवन मोर्नुको बाँच्नुको दोधार बढो कठीनपूर्ण जीवन बिताउन बाध्य भएकी छिन् ।

सानीलाई माइतघरमा सधै बसेर साध्य हुँदैन । घर पठाइदिने कुरा गर्दा सानीले -"आमा ! अहिले यो भुइँ फाटेर ठुलो चिरा हुन सक्ने भए त म पनि यही पृथिवीभित्र पसेर विलीन हुने थिएँ, म पनि तिम्रै काखमा फेरि आश्रय लिने थिएँ.. . ।" सानीलाई स्वानीमानिस भएर जन्मनु उनलाई धिकार लाग्यो । सानी -"हे धरती आमा ! अब अर्को जन्ममा त म लोग्नेमानिस भएर जन्मूँ । मलाई आइमाईको जन्म लिएर फेरि आउनु नपरोस् ।" (बाङदेल, २०७, पृ.८०) सानीलाई संसारमा बाच्नै मन लागेन उनी घरबाट जूनेलीरात बाहिर हिँडी अनेकौँ सोची पुनः घर आएर उनी आफ्नो विवाह गरेको घर जाने निर्णय गरिन । उनले-" के त संसारमा आफूलाई कतै आश्रय मिलेन ? आफू समाजका निम्ति कलङ्किनी, दुनियाँका निम्ति आँखाको कसिँगर, धर्मका निम्ति पनि पापिनी अनि पृथिवीका निम्ति पनि ठुलो भार भई । अनि आफ्ना निम्ति पनि बाँचिरहन कष्टमय भयो ।" (बाङदेल, २०७६, पृ.८३) उनलाई आफ्नो जीवन कष्टमय लाग्यो । उनी संघर्ष गरेर बाच्ने र आफ्नो घरमा जार्नी निर्णय गरिन पुरुष प्रधान नेपाली समाजमा उनले पुरुषत्वको विरोध गर्ने सकिन्न । उनी आफू पुरुष भएर जन्मन नपाएकोले पश्चाताप गर्दै रुँदै पुनः नारी भएर जन्मन नपरोस् भन्दै माइतघरबाट बिदा भई आफ्नो विवाह गएको घर गइन । अनेकौं पीडा सहेरपनि सौता भएको घरमा बस्न बाध्य भइन ।

प्रस्तुत सन्दर्भमा नेपाली समाजमा पुरुषको भूमिका देखाएको छ । सानीले अर्को जुनि हुने भए आफू पुरुष भएर जन्मन चाहेकी छिन् । नेपाली पुरुषप्रधान समाजमा हरिले पनि आफ्नो पुरुषत्व देखाएको समाज, धर्म, संस्कृति र परम्पराको विरोध गर्ने सकेको छैन । बरु सानीलाई साथ नदिई आफ्नो पुरुषत्वको शक्ति देखाएको छ । यहाँ हरि परम्पराको विरोध गर्ने उदीयमान पिँढीका रूपमा उदाउन सकेको छैन । त्यसैले ऊ पनि बाबु सुबेदार जस्तै सानीका लागि प्रभुत्वशाली पिँढीका रूपमा प्रस्तुत भएको छ ।

अनुभूतिको संरचनाले कृतिभित्र प्रयुक्त सामाजिक अवस्थिति एवम् कृतिकारले प्रयोग गरेका पात्रहरू तथा ती पात्रहरूको मनोविज्ञानलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको हुन्छ । लेखकले समाजमा देखेका घटनालाई प्रस्तुत गर्ने क्रममा आएका पात्रहरूको यथास्थिति एवम् ती पात्रहरूको मनोविज्ञान र अन्तर्द्वन्द्वजस्ता विषयलाई

अनुभूतिको संरचनाभित्र खोजिएको हुन्छ । उपन्यासमा तत्कालीन समयका सामाजिक बनोट, सामाजिक संस्कार, रीति, परम्परालाई छोडेर विद्रह गर्न सकेका छैनून । परिस्थिति जन्य अवस्थाको दास भएका छन् ।

आडम्बरी, पितृसतात्मक परम्परागत समाजका कारण उपन्यासका पात्रहरू पीडा भोग्न बाध्य भएका छन् । हरि सानी जस्ता नवपात्रहरूले पनि परम्परागत समाजको विरोध गर्न नसक्दा उनीहरूको जीवन पीडामय भएको छ । लेखकले उपन्यासमा आन्तरिक र बाह्य दुवै पिढा दुःख पात्रका माध्यमबाट प्रस्तुत गर्न सफल छन् ।

**निष्कर्ष**

लैनसिंह बाङदेलका उपन्यासमा आर्थिक विपन्नताले देश छोडेर विदेशका विभिन्न भूमिमा जानुपर्ने बाध्यता र विवशतालाई उल्लेख गरिएको छ । अशिक्षित, गरिबीको दुस्चक्रमा परेका नेपाली केवल वाचनका लागि मात्र बाँचेका छन् । तरपनि आफ्नो भाषा संस्कृतिहरूलाई छोडेका छैनन् । पितृसत्तात्मक नेपाली समाजमा पुरुषको स्थान उच्च रहेको पाइन्छ । यसकार महिला पात्रहरू पुरुष पात्रका थिचोमिचोमा परका छन् । ती पुरुष पात्र प्रभुत्वशाली पिँढी नभएर परम्परावादी सोच भएका पात्रमात्र हुन् । उपन्यासमा परम्परा, धर्म, संस्कृति र मान्यजनका विरोधमा कोही बोल्न सक्ने पात्र छैनन् । यसैले उपन्यसमा कोही पनि उदीयमान पिँढीका रूपमा देखा पदैनन् । यसैले उपन्यासका सबै पात्रहरू अधीनस्थ समुदायका पात्रका रूपमा रहेका छन् । सबै पात्रहरू आन्तरिक र बाह्य पीडा भोगेर बसेका छन् ।

बाङदेलको *माइतघर* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजको प्रस्तुत चित्रण गरिएको तथ्य भेटिएको छ । हरि र हरिको बुबा नारीप्रति गरेका व्यवहारका आधारमा प्रभुत्वशाली वर्गमा पर्दछन् । आर्थिक सामाजिक कारणले उनीहरू पनि अधिनस्त वर्गअन्तर्गत पर्दछन । सामाजिक संरचनाका कारण हरिले सानीलाई विवाह गर्ने सकेको छैन । भने घरमा श्रीमानले दुःख दिदा माइती सम्झेर हरिका घरमा आश्रय लिन आएकी सानीलाई आश्रय दिन हरिले सकेको छैन । सानीलाई श्रीमान्‌ले सौता हालेपछि अनेकौ दबाब र तनावमा बाँच्नु परेको छ । सानीले पुरुषप्रधान समाजको बनोटका कारण अनेकौं दुःख भोग्न बाध्य हुन परेको छ ।

**सन्दर्भ सामग्रीसूची**

घर्ती, दुर्गाबहादुर (२०७९) *केही दृष्टिकोण केही विश्लेषण* काठमाडौँ : ओरिएन्टल पब्लिकेशन ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २००६) *साहित्य के समाजशास्त्र की भूमिका,* पंचकूला : हरियाणा साहित्य अकादमी ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्करण ललितपुर : साझा प्रकाशन ।

दाहाल, खेम (२०५८) *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

बाङ्देल, लैनसिंह (२०७६), *माइतघर,* तेत्तीसौँ संस्करण काठमाडौँ : रत्न पुस्तक भण्डार ।

रेग्मी, मुरारिप्रसाद (२०५०), *मनोविश्लेषणात्मक समालोचना,* दोस्रो संस्करण ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९) *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७६), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* पाचौँ संस्करण काठमाडौँ : विद्यार्थी प्रकाशन ।

Williams, Ramand (1973), Base and Superstructure in Marxist Cultural Theory New Left Review 1/82 November-December, 9-10.